# ‘संवेदनाको सफ्टकपी’ कथामा विज्ञानप्रविधि

**पदमसिंह बडाल**
शिक्षण सहायक, दार्चुला बहुमुखी क्याम्पस, दार्चुला
इमेल : badalpadam@gmail.com
DOI: https://doi.org/ 10.3126/prajna.v126i1.86357

**लेखसार**

*यो लेख ‘संवेदनाको सफ्टकपी’ कथामा निहित विज्ञानप्रविधि विषयक अन्तर्विषयकताको उद्घाटनमा केन्द्रित छ । नेपाली साहित्यमा उत्तरआधुनिकतावादी मान्यताको प्रवेशसँगै अन्तर्विषयकताले पनि प्रवेश पाएको छ । उत्तरआधुनिकतावादको महत्त्वपूर्ण मान्यता बहुलवादको एक पाटो अन्तर्विषयकता हो । साहित्यमा साहित्येतर विषयक्षेत्रको प्रवेश नै अन्तर्विषयकता हो । कुनै विधाका पाठमा भिन्न-भिन्न विषयको समावेश छ भने ती सिर्जनाहरूको अन्तर्विषयक अध्ययन, पठन र विश्लेषण हुन्छ । अन्तर्विषयकताले पाठमा रहेको अन्तर्विषयकता केलाउने भएकाले प्रस्तुत लेख संवेदनाको सफ्टकपी कथामा रहेको विज्ञानप्रविधिलाई केलाउन केन्द्रित छ । अन्तर्विषयकता सिर्जना र समालोचनाको नवीन पद्धति भएकाले पनि यसका आधारमा पाठको अध्ययन, पठन र विश्लेषण गरिनु महत्त्वपूर्ण छ । यो लेख संवेदनाको सफ्टकपी कथामा अन्तर्घुलित विज्ञानप्रविधिलाई प्रकाशमा ल्याउन केन्द्रित छ । पुस्तकालयबाट स्रोत सामग्री सङ्कलन गरी अन्तर्विषयक सैद्धान्तिक मान्यताका आधारमा कथाको विश्लेषण गरिएको छ । प्रविधिको प्रयोग गरी मनको व्यापकतालाई मूर्त बनाउन गरिएको वैज्ञानिक प्रयोगले कथामा विज्ञानप्रविधिजन्य विषयको अन्तर्घुलन भएको छ । कथामा प्रयोग गरिएको विज्ञानप्रविधिले यसलाई अन्तर्विषयक बनाएको निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी** : अन्तर्घुलन, बहुलवादी, विज्ञानप्रविधिपरक,  विनिर्माण, स्वप्नतरङ्ग ।

## विषयपरिचय

लक्ष्मणप्रसाद गौतम (२०२०) कविता, आख्यान, निबन्ध, नियात्रा र समालोचना लेखनमा सक्रिय छन् । आफ्नो सिर्जनालाई उत्तरआधुनिक मान्यतामा केन्द्रित बनाउने उनी पूर्वीय र पाश्चात्य साहित्यका अध्येता पनि हुन् । उनी उत्तरआधुनिक मान्यतासम्बद्ध सिर्जना र समालोचनाका क्षेत्रमा केन्द्रित छन् । ‘संवेदनाको सफ्टकपी’ *ऊहापोह* कथासङ्ग्रबाट लिइएको हो । कथामा मानिसका संवेदना र स्वप्नहरूलाई मूर्त रूप दिन प्रयोग गर्न मानिसमा प्रयोग गरिएको छ । मानिसका संवेदना र स्वप्नहरू छाप्न प्रयोग गरिएका वैज्ञानिक उपकरण, त्यस कार्यमा संलग्न वैज्ञानिक र उनीहरूले प्राप्त गरेको सफलता देखाइएको छ । कथालाई विज्ञान र प्रविधिजन्य विषयवस्तुले बहुलवादी

मान्यतासम्बद्ध अन्तर्विषयकतामा आधारित बनाएको छ । बहुलवाद र अन्तर्विषयकता उत्तरआधुनिकतावादसँग सम्बन्धित छन् । उत्तरआधुनिकतावादी कथाहरूमा दर्शन, मनोविज्ञान, विज्ञान, नारीवाद, समाजशास्त्र, अर्थशास्त्र जस्ता विषयहरू अन्तर्विषय भएर प्रवेश गरेका हुन्छन् । *संवेदनाको सफ्टकपी* कथामा मानिसको मन, मानवीय संवेदना र स्वप्नलाई छाप्न सफल भएको कथानक र यस्तो कार्यमा संलग्न पात्रहरू छन् । कथामा अवचेतन मनबाट प्रभावित मानिसको मस्तिष्कबाट मानवीय संवेदना, मन र स्वप्नहरूलाई छाप्ने कार्य भएको छ । निद्रा र अवचेतन मनबाट ग्रसित मानिस, वैज्ञानिक उपकरण तथा प्रयोगमा संलग्न वैज्ञानिकहरू कथामा उपस्थित छन् । सृजनामा जेजति विषय छन् तिनै विषयका आधारमा त्यसको समीक्षा गर्नुपर्ने मान्यता राख्दै सुवेदी र गौतम (२०६९) भन्छन्, "पछिल्लो चरणका सृजनालाई समीक्षण गर्ने समालोचनाशास्त्रले पनि मनोविज्ञान, समाजविज्ञान र विशुद्ध विज्ञानका आधारहरू अवलम्बन गर्नुपर्ने अवस्था आइसकेको छ" (पृ. १५) । उनीहरूको भनाइले पछिल्लो समय सिर्जनाहरूको अन्तर्विषयक अध्ययन प्रारम्भ भएको प्रस्ट पारेको छ । गौतम (सन् २०२२) ले *उहापोह कथासङ्ग्रहका कथामा साइबर चेतना* शीर्षकमा अनुसन्धानमूलक लेख प्रकाशित गरेको भए पनि संवेदनाको सफ्टकपी कथामा विज्ञानप्रविधिपरक विश्लेषण भएको छैन । त्यसैले कथामा विज्ञानप्रविधिको उपस्थितिलाई लेखको प्रमुख समस्याका रूपमा लिइएको छ । कथाको विषयवस्तु, परिवेश, पात्रहरू यसमा प्रयोग भएको पदपदावली र वाक्यहरूले कथालाई विज्ञानप्रविधिपरक बनाएको पुष्टि गर्नु लेखको उद्देश्य हो । साक्ष्यहरूको विज्ञान र प्रविधिसम्बद्ध मान्यताका आधारमा विश्लेषण गरी कथा विज्ञानप्रविधिपरक अन्तर्विषयकतामा आधारित भएको निष्कर्ष निकालिएको छ ।

## अध्ययनको विधि

पुस्तकालयीय पद्धतिबाट प्राथमिक र द्वितीयक स्रोत सामग्रीहरू सङ्कलन गरी कथाको विज्ञानप्रविधिपरक अन्तर्विषयकता केलाइएको छ । लेखमा *संवेदनाको सफ्टकपी* कथालाई प्राथमिक र अन्तर्विषयकतासम्बद्ध सैद्धान्तिक र प्रायोगिक सामग्रीहरूलाई द्वितीयक स्रोतका रूपमा लिइएको छ । उत्तरआधुनिकतावादमा बहुलवादको एक पाटोका रूपमा अन्तर्विषयकतालाई लिइने भएकाले यससम्बद्ध सैद्धान्तिक एवम् प्रायोगिक सामग्रीलाई द्वितीयक सामग्रीका रूपमा लिइएको हो । यी दुवै प्रकारका सामग्रीको प्रयोग गरी *संवेदनाको सफ्टकपी* कथामा विज्ञानप्रविधिसम्बद्ध अन्तर्विषयकताको विश्लेषण गरिएको छ । विज्ञान र प्रविधिले अपेक्षा गर्ने मान्यताका आधारमा कथाका साक्ष्य र सन्दर्भहरूको विश्लेषण गरी निष्कर्ष निकालिएको छ । साक्ष्य र सन्दर्भका रूपमा कथामा प्रयोग भएका विज्ञानप्रविधिसम्मत विषय, कथ्य, पदपदावली, वाक्यलाई लिई तिनकै विश्लेषण गरेर समस्याको समाधान गरिएको छ ।

## सैद्धान्तिक आधार

कथामा अन्तर्विषयकता खोज्न उत्तरआधुनिकतावादी बहुलवादी मान्यतासम्बद्ध अन्तर्विषयकता र अन्तर्विषयक समालोचनालाई सैद्धान्तिक आधार बनाइएको छ । उत्तरआधुनिकतावादी-बहुलवादी मान्यताभित्र पर्ने अन्तर्विषयकता अङ्ग्रेजी साहित्यमा प्रचलित Interdisciplinary शब्दको नेपाली अनुवाद हो । अन्तर्विषयकताले फरक र भिन्न विषयवस्तुलाई सिर्जनामा समेट्दै तिनकै मद्दतबाट विचार सम्प्रेषण गर्दछ । गौतम (२०५०) यसलाई इतर अनुशासनबाट सहयोग लिने विचार, अवधारणा वा सिद्धान्तका रूपमा चिनाउँछन् (पृ. ४५४) ।

साहित्यमा साहित्येतर क्षेत्रको विषयवस्तु समेट्दै त्यस्तै विषयवस्तुबाट विचार प्रवाह गर्न अन्तर्विषयकताले मद्दत गर्दछ। "इन्टरडिसिप्लिनरी शब्दले एकभन्दा बढी ज्ञानका क्षेत्रहरूसँग सम्बन्धित अध्ययन भन्ने आसय दिन्छ" (एटम, २०७०, पृ. ९)। यसबाट रचनामा दुई वा दुईभन्दा बढी विषयहरूको अध्ययन नै अन्तर्विषयकता हो भन्ने प्रस्ट हुन्छ। स्रष्टाले आफ्ना मान्यता, भाव र विचारलाई पाठकसमक्ष पुऱ्याउन इतिहास, दर्शन, समाजशास्त्र, विज्ञान, प्रविधि, राजनीतिशास्त्र, मावनशास्त्र, मनोविज्ञान जस्ता साहित्येतर विषयको सहयोग लिँदा अन्तर्विषयकताको सिर्जना हुन्छ। वर्तमान साहित्यमा ज्ञानका अनेकौं क्षेत्रको प्रविष्टि भएको छ। "ज्ञानविज्ञानका विविध विषयक्षेत्रको ज्ञान, प्रविधिको प्रयोग र व्याप्ति तथा साहित्यमा नवीनता एवम् प्रयोगको सचेतताका साथै विषयको गम्भीर प्रतिपादनका दृष्टिले पनि साहित्यमा अन्तर्विषयकता देखिन थालेको छ" (गौतम, २०७०, पृ. ३३७)। सिर्जनामा विविध विषयक्षेत्रको उपस्थिति रहने भएकाले त्यसमा जति विषयक्षेत्र सम्मिलित छन् त्यतिकै कोणबाट विश्लेषण गर्न सकिने मान्यता स्थापित भएको छ। "सामान्य अर्थमा एउटा विषयको सङ्कथन वा पाठभित्र अर्को विषयको पाठ, प्रसङ्ग वा सन्दर्भ अन्तर्गर्भित भएर आउनु अन्तर्विषयकता हो" (गौतम, २०७१, पृ. २८३)। एउटा सङ्कथनभित्र अर्को सङ्कथनको प्रविष्टि हुनुलाई नै अन्तर्विषयकता हो भन्ने कुरालाई यसले पुष्टि गरेको छ। रेग्मी (२०५६) अन्तर्विषयकतालाई विषय-विषयबिचको मिसावट, विभिन्न विषयहरू एकअर्कामा खप्टिएको, घुसेको, मिसिएको अवस्थाका रूपमा चिनाउँछन् (पृ. १६)। साहित्यमा विभिन्न विषयक्षेत्रको समावेश भएको, ज्ञानका क्षेत्रहरू सँगसँगै आएको तथा सर्जकले आफ्ना मान्यता र विचारलाई पाठकसमक्ष सशक्त रूपले प्रस्तुत गर्न आफ्नो सिर्जनामा विविध विषयक्षेत्रलाई अन्तर्घुलित र अन्तर्मिश्रित गरेर राखेको अवस्थालाई नै अन्तर्विषयकता भन्ने गरिन्छ। अन्तर्विषयकता भन्नाले सिर्जनामा विविध ज्ञानक्षेत्र उपस्थितिको अवस्था हो।

अन्तर्विषयकतालाई बहुलवादी अध्ययनको प्रस्थानविन्दुका रूपमा लिइन्छ र यसको समालोचना पद्धतिलाई अन्तर्विषयक पठन भन्ने गरिन्छ। अन्तर्विषयक पठनका सम्बन्धमा एटम (२०७०) भन्छन्, "यो साहित्यको विमर्श, मूल्याङ्कन वा व्याख्याका लागि साहित्येतर ज्ञानका विषयहरूबाट उपयोगी हुने सिद्धान्त, अवधारणा र पद्धति ल्याएर एकीकृत नवीन निष्कर्षमा पुग्ने प्रक्रिया हो" (पृ. ७)। साहित्यिक सङ्कथनमा समावेश भएका दर्शन, समाजशास्त्र, मनोविज्ञान, साइबर, विज्ञानप्रविधि जस्ता विविध विषयक्षेत्रहरूको निरूपण सोही विषयक्षेत्रको मान्यताका आधारमा व्याख्या विश्लेषण गरी निष्कर्षमा पुग्ने कार्य अन्तर्विषयक समालोचना हो। यसले सिर्जनामा आएका साहित्येतर विषयक्षेत्रको किटान र विश्लेषण गर्छ। अन्तर्विषयकता अन्तर्विषयक पठन ज्ञानविज्ञानका विविध विषयक्षेत्रसँग सम्बन्धित हुन्छन्। अन्तर्विषयकता साहित्य अध्ययनपद्धतिको मूल पर्याधार भएको र यसले साहित्यिक कृति, पाठ वा सङ्कथनको विश्लेषणका लागि अन्तर्विषयहरूको प्रारूप दिने तथा यसले पाठमा के छ र केके छन् भनेर हेर्ने भएकाले यसलाई विषयपरक समालोचना पनि भन्ने गरिन्छ (गौतम, २०७१, पृ. २८७)। बहुलक्षेत्रको समावेश गरी सिर्जित पाठहरूमा तत्तत् विषयक्षेत्रको शास्त्रका आधारमा व्याख्या विश्लेषण गरेर पाठमा भएको अन्तर्विषयकताको निर्धारण गरिन्छ।

अन्तर्विषयकताले सङ्कथनको आयामलाई धेरै कोणबाट विश्लेषण गर्न सकिने बनाउँछ। अन्तर्विषयक समालोचनाले साहित्यिक विषय पार गरी सिर्जनात्मक ज्ञानको सीमालाई विस्तार गर्छ र उपयोगी सिद्धान्त र पद्धति भएका विषयसँग साहित्य मूल्याङ्कनका उपकरणहरू लिएर

समालोचनामा समाहित गर्छ (एटम, २०७०, पृ. १८)। साहित्यमा समाहित साहित्येतर विषयले अध्ययनको क्षेत्रसँगै समालोचनाको व्यापकतालाई पनि देखाउँछ। यससम्बन्धमा बचविन्डर (सन् १९९१, उद्धृत, गौतम, २०७२) साहित्यमा समाजशास्त्र, संस्कृति, अर्थशास्त्र, इतिहास, मनोविज्ञान, विज्ञानप्रविधि, आमसञ्चार आदि विषयको राम्रो प्रभाव देखिएको र यस किसिमको अन्तर्घुलनले साहित्यलाई फराकिलो बनाउने बताउँछन् (पृ. ४१०)। साहित्य अध्ययनमा इतर विषयको अन्तर्सम्बन्ध र अन्तर्घुलन देखाउने अन्तर्विषयकताले कथ्य विषयलाई सबल बनाएको हुन्छ। यसले सिर्जनालाई सम्बन्धित विषयको कोणबाट हेर्न सकिने मात्रै नभई उत्तरआधुनिकतावाद र यससम्बद्ध बहुलवादी दृष्टिकोणलाई समेत प्रबल बनाउँछ। अन्तर्विषयक अध्ययन समालोचनात्मक पर्याधार भए पनि यो बहुलवादी अध्ययन पद्धति भएकाले उत्तरआधुनिक समालोचना पद्धतिका रूपमा विकसित भएको छ (गौतम, २०७०, पृ. ३४२)। साहित्यिक सङ्कथनमा साहित्येतर विविध विषयक्षेत्रको प्रयोग वा उपयोगलाई अन्तर्विषयकता भनिन्छ।  तत् क्षेत्रका सिद्धान्तका आधारमा उक्त सङ्कथनको विश्लेषण गर्ने कार्य अन्तर्विषयक पठन वा अन्तर्विषयक समालोचना हुन्छ। अन्तर्विषयक समालोचनाले सम्बन्धित क्षेत्रको दृष्टिकोणकै आधारमा रचनाको समीक्षा गर्छ। गौतम (२०६९) एक कृतिको अर्थ पत्ता लगाउनु त्यसमा रहेका प्रत्येक पाठका अर्थ पत्ता लगाउनु हो भन्छन् (पृ. ३०२)। यसरी हेर्दा संवेदनाको सफ्टकपी कथाको समीक्षा गर्न यसका रहेका भिन्न-भिन्न विषय पत्ता लगाउनुपर्ने हुन्छ। कथामा जेजति विषयवस्तुहरू अन्तर्घुलित भएका छन् ती सबैका आधारमा यसको समीक्षा गर्न सकिने हुन्छ। प्रस्तुत लेखमा संवेदनाको सफ्टकपी कथामा अन्तर्घुलित भएको विज्ञानप्रविधि विषयलाई विज्ञानप्रविधिकै आलोकमा विश्लेषण गरिएको छ। विज्ञानप्रविधिका विषय, कथ्य, पदपदावली, वाक्यलाई अन्तर्घुलित बनाएर प्रस्तुत गर्नु विज्ञानप्रविधिपरक अन्तर्विषयकता हो (गौतम, २०७२, पृ. ४२५)। प्रस्तुत कथाको विषय, कथ्य, पदपदावली र वाक्यहरूले कथालाई विज्ञानप्रविधिपरक बनाएका छन्। तिनकै आधारमा कथाको विज्ञानप्रविधिपरक अन्तर्विषयकता निरूपण गरिएको छ।

## विमर्श र नतिजा

संवेदनाको सफ्टकपी कथामा विज्ञानप्रविधिपरक अन्तर्विषयकता छ। कथाअनुसार अवचेतन मन र स्वप्नबाट ग्रसित ऊ पात्रलाई प्रयोगशालामा ल्याएको छ। ऊ पात्रका शरीरका विभिन्न अङ्गहरूबाट विभिन्न किसिमका तारहरू प्रयोगशालामा राखिएका उपकरणसित जोड्न दुई वैज्ञानिकहरू सक्रिय छन्। उनीहरू मानवीय संवेदना, मन र स्वप्नलाई कैद गर्ने विषयमा छलफल गर्छन्। उनीहरूले चाहे जस्तै मानिसका स्वप्न तरङ्गहरू उपकरणका माध्यमबाट छाप्न सफल भएको घोषणा गरेका छन्। उपकरणले मानिसका स्वप्नहरू महिनौँसम्म निरन्तर छापिरहेको छ। स्वप्नको छपाइ कुर्दाकुर्दै म पात्रले आफूमा संवेदना हराएको शङ्का गरेको सन्दर्भबाट कथा टुङ्ग्याइएको छ। प्रयोगशाला, उपकरण, तार र छपाइ विज्ञानप्रविधिसँग सम्बन्धित सन्दर्भहरू हुन्। यी सन्दर्भहरूले कथालाई विज्ञानप्रविधिपरक बनाएको छ।

## कथामा प्रयोगशाला : विज्ञानप्रविधिको उपस्थिति

मानव सभ्यताको महत्त्वपूर्ण उपलब्धिका रूपमा विज्ञानप्रविधिलाई लिइन्छ। शिक्षा, स्वास्थ्य, सञ्चारसँगै साहित्यमा पनि विज्ञानप्रविधिले प्रविष्टि पाएको छ। साहित्यमा आएको विज्ञानप्रविधिले साहित्यलाई बहुलतायुक्त र अन्तर्विषयक पठनयोग्य बनाएको छ। विज्ञान आख्यान

तथा साइबर संस्कृति र चेतना साहित्यमा विज्ञानप्रविधिको अन्तर्विषयकता भएर समाहित भएका छन् । गौतम (सन् २०२२) प्रविधिपरक विषयलाई कथ्य बनाएर कथा, कविताहरू लेखिएको बताउँछन् (पृ. १२३) । विज्ञानप्रविधिले साहित्यका विधाहरू जस्तै समालोचनामा पनि अन्तर्विषयक पठनका रूपमा प्रवेश पाएको छ । गौतम (२०७०) उत्तरआधुनिक नेपाली समालोचनालाई प्रविधि संस्कृतिले प्रभाव पार्न थालेको बताउँछन् (पृ. ४९) । जीवन र जगत्सँग विज्ञानप्रविधि जोडिएर रहेकाले समालोचनामा पनि यसको उपस्थिति भएको तथ्यलाई उनी यसरी देखाउँछन्, "विज्ञानप्रविधि विषय पढेका लेखकहरूको उपस्थिति समकालीन नेपाली साहित्यमा बढी देखिनाले पनि वर्तमानमा नेपाली जीवन र समाजसँग विज्ञानप्रविधि संसक्त रहेकाले नेपाली साहित्यमा विज्ञानप्रविधिपरक अन्तर्पाठीयता पाइएको हो" (पृ. ४२६) । विज्ञानप्रविधिको साहित्य प्रवेशले पाठहरूलाई अन्तरर्विषयक बनाएको छ । मानव जीवनमा विज्ञानप्रविधिको उल्लेखनीय उपस्थिति नै साहित्यमा विज्ञानप्रविधिको उपस्थितिको कारक हो ।

संवेदनाको सफ्टकपी कथामा विज्ञानप्रविधिपरक विषय संसक्त भएर आएको छ । कथामा प्रयुक्त विषय, कथ्य, पदपदावली र वाक्यहरूले कथालाई विज्ञानप्रविधि अन्तर्विषयक पाठ बनाएको छ । कथाको विषय नै विज्ञानप्रविधिसँग सम्बन्धित छ । मानिसका स्वप्न, मानवीय संवेदना, मनलाई मूर्त रूप दिन गरिने प्रयोगका लागि ल्याइएको ऊ पात्रलाई प्रयोगशालामा राखिएको छ । एप्रोन लगाएका दुई वैज्ञानिकहरूले ऊ पात्रका विभिन्न अङ्गसित जोडिएका तारहरू त्यहाँ राखिएका उपकरणहरूसँग जोड्दै छन् । तार जोड्दै, कम्प्युटरको किबोर्डमा वैज्ञानिकहरूले औँला चलाउँदै गर्दा उपकरणहरूले प्रतिक्रिया दिन थालेका छन् । वैज्ञानिकहरूका अनुसार उनीहरूको प्रयोग सफल भएको छ र उनीहरूले त्यसलाई सार्वजनिक पनि गरेका छन् । उनीहरू ऊ पात्रका स्वप्न तरङ्ग छापिन सुरु भएपछि खुसी भएका छन् । यसरी कथाको विषय नै विज्ञानप्रविधिसम्बद्ध छ । मानिसका संवेदनाहरू छाप्ने उपकरण र त्यसका लागि काम गर्ने वैज्ञानिकहरू विज्ञानप्रविधिका प्रतिनिधि हुन् ।

कथाका सन्दर्भहरूले कथालाई विज्ञानप्रविधियुक्त बनाएका छन् । कथाको दोस्रो खण्डको पहिलो अनुच्छेदमा "अत्याधुनिक खालका केही स-साना यन्त्रहरू जडान गरिएको एउटा कोठा, कोठामा अस्पतालमा बिरामी  सुताउने जस्तै स्टिलको खाट...दायाँतिरको टेबुलमा कम्प्युटर छ र बायाँतिर सयौँ तारहरू तर्ल्याङ्तुर्लुङ जोडिएको (पृ. १२७- १२८)" दृश्य छ । यन्त्र जडान गरिएको, कम्प्युटर भएको, सयौँ तार जोडिएको जस्ता पदावलीले उक्त कोठामा विज्ञानप्रविधिसम्मत उपकरण भएको देखाउँछ । कथामा चित्रित स्थान नै प्रयोगशाला हो । "कोठालाई बाहिरबाट झट्ट हेर्दा धेरैले अस्पतालको क्याबिन ठान्न सक्छन् र अलि पढेलेखेकाहरूले विज्ञानको कुनै प्रयोगशाला ।... ती दुबैले सेतो कोट अर्थात् एप्रोन लगाएका छन् । ती निक्कै सक्रियताका साथ यन्त्रसँगै लीन भएर काम गरिरहेका छन्" (पृ. १२८)। कथाको यो अंशमा प्रयुक्त 'विज्ञानको कुनै प्रयोगशाला' पदावलीले नै कथामा विज्ञानप्रविधिको उपस्थितिलाई प्रस्ट पारेको छ। प्रयोगशाला अनुसन्धानकर्ता अथवा आमनागरिकभन्दा भिन्न व्यक्तिहरूले प्रयोग गर्ने कक्ष भएकाले विशिष्ट हुने, त्यहाँ भिन्न प्रयोजनका लागि भिन्न खाले उपकरण हुने र उक्त कक्षभित्र अनुसन्धान कार्यमा संलग्न व्यक्तिहरूको समेत उपस्थिति रहने गर्छ । प्रयोगशालामा विज्ञानप्रविधिसम्बद्ध उपकरण, अध्ययन अनुसन्धान गर्ने व्यक्ति ( वैज्ञानिक)सँगै प्रयोग गरिने वस्तु, प्राणी पनि हुन्छन् । "कोठामा त्यसपछिको प्राणी उही मान्छे छ । उसलाई त्यही सेतो तन्ना ओछ्याइएको बिस्तारामा लम्पसार सुताइएको छ । उसको टाउकोभन्दा एक हातजति माथि पहेँलो सानो बत्ती बलेको सानो र गोलो यन्त्र छ । सानो बत्ती कतिकति बेला

रङ बदल्छ र रातो, हरियो अनि नीलोमा परिणत हुन्छ" (पृ. १२८)। यहाँ प्रयोगशालामा अनुसन्धानकर्ता र अनुसन्धानमा उपयोग हुने उपकरणसँगै परीक्षण गरिने व्यक्ति (गिनियापिग), प्राणी र वस्तु पनि हुन्छन् भन्ने तथ्यलाई पुष्टि गरिएको छ। कथाको यो सन्दर्भमा विज्ञानप्रविधियुक्त प्रयोगशालामा परिक्षणीय व्यक्ति र उपकरण रहेको देखाइएको छ। उक्त प्रयोशालामा व्यक्ति/मान्छेमाथि प्रयोग हुँदै गरेको देखिन्छ। प्रयोगशाला, अनुसन्धानमा प्रयोग हुने उपकरण र परीक्षणका लागि राखिएको व्यक्तिका सन्दर्भहरूले कथामा विज्ञानप्रविधिलाई बलियो बनाएका छन्।

मानवीय मनको अध्ययन गर्न, तिनका अवचेतन मनमा भएका भाव र स्वप्नहरूलाई कम्प्युटरमार्फत मूर्त रूप दिन प्रयोगशालामा मान्छेसँगै विभिन्न उपकरण जडान गरिएका छन् र तिनले काम गर्दै छन्। यसले वर्तमान मानवको प्रयोगशील अवस्थाका साथै विज्ञान प्रयोगको अभ्यस्ततालाई साहित्यमा प्रस्तुत गराएको छ। कथामा देखाइएका उपकरणहरूले पनि कथालाई विज्ञानसम्मत बनाएको छ। कथाको यो साक्ष्यले कथामा विज्ञानप्रविधि विषयको विकास देखाएको छ :

> हात र खुट्टाका प्रत्येक औँलाहरूमा स-साना तारहरू हल्का तरिकाले जोडिएको अलिअलि थाहा पाउँदैछ ऊ। जतिजति तारहरू जोडिँदै जान्छन्, उतिउति ऊ यन्त्रमा रूपायित भएजस्तो लाग्दैछ उसलाई। टाउको माथिको यन्त्रभन्दा एक मिटर जति माथि जडान गरिएको निकै नयाँ प्रविधिको क्यामेराले दृश्य खिचिरहेको हो कि जस्तो भ्रम भइरहेछ उसलाई र नजिकैको ध्वनिरेकर्ड पनि खुलै भएजस्तो लागिरहेछ जस्तो पनि। (पृ. १२९)

प्रयोगशालामा यन्त्रहरूले काम गर्दै गरेको अवस्थाको चित्रण हो। यसलाई प्रयोगशालामा प्रयोग गर्न राखिएको मान्छेको सूक्ष्म अनुभूतिलाई प्रस्तुत गरेर आफूमाथि भइरहेको प्रयोगका बारेमा मान्छे जानकार छ भन्ने सन्देश दिन र उकरणहरूको प्रयोगले सिर्जना गर्ने अवस्था देखाउन उपयोग गरिएको हो। तार जोडिएको, क्यामेराले फोटो लिँदै गरेको, ध्वनियन्त्रले काम गरिरहेको सन्दर्भ प्रयोगशालाको कार्य सञ्चालन हो। तार, क्यामेरा, ध्वनियन्त्र जस्ता पद र तार जोडिएको, क्यामेराले फोटो लिँदै गरेको, ध्वनियन्त्रले काम गरेको जस्ता पदावलीहरू विज्ञानप्रविधिसँग सम्बन्धित छन्।

प्रयोगशालामा अनुसन्धानकर्ताहरू प्रविधिजन्य उपकरणहरूमार्फत कार्य सञ्चालन गर्ने तथ्यलाई यसरी देखाइएको छ, "आयताकार यन्त्रको टुप्पामा बत्ती बलेको छ र त्यसमुनि घडीजस्तो सानो केही छ। त्यही घडीजस्तोको पछिल्तिरको भाग मान्छेको मस्तिष्क र कन्चटमा सुस्तसुस्त छुवाउँछे ऊ। तीनचार पटक एउटै प्रक्रिया दोहोऱ्याउँछे। मीठो मुस्कान फ्याँकेर ठुलो सास फेर्छे। युवक चाहिँ मान्छेतिर हेर्दै कम्प्युटरको माउस र किबोर्डमा औँला नचाइरहेछ" (पृ. १३०)। प्रयोगमा संलग्न वैज्ञानिक अनुसन्धानकर्ताहरूको कार्य हो। प्रयोगशालामा अनुसन्धान गर्दैको अवस्था देखाएर कथांशले कथाभित्र विज्ञानप्रविधिजन्य कार्यहरू समावेश रहेको तथ्य प्रस्तुत गरिएको छ।

साहित्यमा जस्तै विज्ञान र प्रविधिका क्षेत्रमा पनि विनिर्माण गरिनुपर्छ। अध्ययन अनुसन्धानका क्षेत्रमा रहेको पम्परागत मान्यतालाई खण्डित गर्नुपर्ने मान्यता कथामा उपस्थित गराइएको छ। कथाको मूल उद्देश्य मान्छेका अवचेतन र स्वप्न तरङ्गहरूलाई मूर्त अध्ययन गर्ने ( प्रिन्ट गर्ने) सन्दर्भलाई कथामा यसरी देखाइएको छ;

युवकको सङ्केतपछि त्यो तार ऊ मान्छेको तालुनेर विशेष किसिमले मस्तिष्कमा टाँस्छे। यन्त्रबाट कुनै अस्पष्ट ध्वनि निस्किन्छ।... ऊ तारका दुई टुप्पा मान्छेको नाकका दुई प्वालमा घुसार्छे। यन्त्रबाट सुगन्ध र दुर्गन्ध पालैपालो बाहिर आएको सजिलै थाहा पाइन्छ।... उसको सङ्केत पाएपछि ऊ त्यस तारका दुई टुप्पा मान्छेको देब्रे र दाहिने कानमा घुसार्छे। यन्त्रमा धेरै मान्छेहरू मिलेर कोरस गाएजस्तो ध्वनि निस्कन्छ।... युवती तारको टुप्पो मुखमा घुसार्छे र जिब्रामा टाँसिदिन्छे। यन्त्रबाट स्वाद लिएर सप्र्याकसुप्रुक खाइरहेको जस्तो ध्वनि निस्कन्छ।... युवती तारको टुप्पो मान्छेको शरीरका विभिन्न भागमा छुवाएर मान्छेका पेटको माथि छातीमा मुटुनेर राख्छे र सेतो पारदर्शी टेपले टाँसिदिन्छे। यन्त्रबाट पालैपालो चिसो तथा तातो बाहिर आउँछ।... कालो तारको टुप्पो पनि एउटा सेतो तारजस्तै दुईतिर चिरिएको छ र ऊ ती दुई टुप्पा मान्छेको दुई आँखामा टाँस्छे। यन्त्रबाट पहिले कालो अँध्यारो कोठाभरि फिँजिन्छ र त्यसपछि फेरि उज्यालो कोठाभरि फैलिन्छ। (पृ. १३२-१३३)

उपर्युक्त सन्दर्भले कथाको मुख्य पाटो प्रतिनिधित्व गरेको छ। अनुसन्धानकर्ताहरूले मानिसको अवचेतन, अचेतन मनका भावतरङ्ग र स्वप्नहरूको अध्ययन गर्ने र तिनलाई कम्प्युटरमार्फत प्रिन्ट गर्न आवश्यक तयारी गरिरहेका छन्। प्रयोगशालाका उपकरणहरूसँग मान्छेलाई जोड्ने कार्य भएको छ। अनुसन्धानकर्ताले मान्छेको मस्तिष्क र उसका शारीरिक अङ्गको सम्बन्ध उपकरणसँग तारका माध्यमबाट गाँसेका छन्। मस्तिष्क र ज्ञानेन्द्रियको सम्पर्क उपकरणसँग जोड्दै गर्दा जुन ज्ञानेन्द्रियले जे कार्य सम्पादन गर्ने हो त्यो कार्य कम्प्युटर र प्रयोगशालामा राखिएको डिस्प्लेमा देखिएको छ। यसले अनुसन्धानकर्ताहरूको खोज र अनुसन्धानले मूर्त रूप लिने सम्भावना प्रबल रहेको तथ्य प्रस्तुत गरेको छ।

विज्ञान प्रयोगशालामा कुनै कुरा पनि असम्भव छैन। विज्ञानले सबैतिर विजय प्राप्त गरेजस्तै एक दिन मान्छको मन, मानवीय संवेदनाको अध्ययन गर्ने र त्यसलाई सबैले पढ्न देख्न मिल्ने बनाउन सकिने छ भन्ने सन्देशले कथामा विज्ञानप्रविधिसम्बद्ध विषयको मिश्रणलाई प्रस्ट पारेको छ। निरन्तरको अध्ययन र अनुसन्धानले वैज्ञानिकहरूलाई सफलता दिलाउँछ। "...अब युवक र युवती कम्प्युटरका अगाडि छन्। कम्प्युटरमा इ.सी.जी. र इ.इ.जी. गर्दाजस्तै देखिने तरङ्गका बाङ्गाटिङ्गा रेखाहरू देखिन्छन्। युवक र युवती निकै खुसी हुन्छन्। उनीहरू एक्कासी खुसीले चिच्याउँछन् - सफल ! सफल !" (पृ. १३४)। यो सन्दर्भ प्रयोगको सफलता देखाउन राखिएको हो।

प्रयोगशालामा जडित उपकरणहरूले सकारात्मक सन्देश प्रवाह गरेका छन्। उपकरणहरू र मानव मस्तिष्क तथा ज्ञानेन्द्रियसँगको सम्पर्कले अनुसन्धानकर्ताहरूले चाहेको नतिजा दिएको छ। आफ्नो अनुसन्धानले सफलता पाएको क्षण उनीहरू खुसी भएका छन्। यो मानवजन्य स्वभाव हो र खुसीको प्रदर्शन गर्न नचाहेको अवस्था पनि अवचेतन मनले खुसी प्रदर्शन गर्न लगाएको मनोवैज्ञानिक सन्दर्भ पनि हो। खुसीले चिच्याउनु उनीहरू अवचेतन मनबाट प्रभावित भएको प्रमाण हो। प्रयोग गर्न राखिएको मान्छेको अवचेतन अवस्था मात्रै नभएर यो अंशले प्रयोगमा संलग्न वैज्ञानिक अनुसन्धानकर्ताको अवचेतन अवस्थालाई पनि सार्वजनिक गरेको छ। यसबाट हरेक व्यक्ति कुनै न कुनै रूपमा अवचेतन मनबाट प्रभावित र सञ्चालित हुन्छ भन्ने मनोविश्लेषणसम्बद्ध

मान्यता पनि देखिएको छ । कथामा विज्ञानप्रविधिको विषयलाई उपस्थित गराइएको अर्को सन्दर्भ यस प्रकार छ :

> तपाईंहरूले पर्दामा प्रयोगशालाको ठुलो यन्त्र देखिरहनुभएको छ, त्यो 'मेमो-यु-४' हो । यसले मान्छेका यावत् अङ्गप्रत्यङ्गका संवेदना तिनको मस्तिष्कसँगको सम्बन्धको अध्ययन गर्दछ । मान्छेको शरीरमा टाँसिएका सम्पूर्ण तारहरूका कनेक्सन यही यन्त्रसँग छ । मान्छेको टाउकोमाथिको गोलो र सानो यन्त्र छ नि, त्यसको नाम 'सेन्स-वाई' हो । यसले मान्छेका अवचेतनलाई सम्प्रेषण गर्ने काम गर्दछ । मान्छेको मस्तिष्कनेर जडित सानो यन्त्रको काम मस्तिष्कका स्नायु तन्तुहरूबाट उसका अवचेतनका भावतरङ्गहरूलाई कम्प्युटरमा सम्प्रेषण गर्नु हो । यसलाई 'न्युरेसिया-१७' नामले चिनिन्छ । मस्तिष्कनेर जडित अर्को सानो यन्त्र-'न्युरेसिया-२०' हो र यसले सी.टी.स्क्यान र एम.आर.आई. यन्त्रले जस्तै मस्तिष्कका यावत् पक्षको अध्ययन गरी सूचना सम्प्रेषण गर्ने काम गर्दछ । (पृ. १३७)

प्रयोगशालामा उपयोग गरिएका यन्त्र, उपकरण तथा तिनको कार्यसम्पादनका बारेमा जानकारी दिइएको छ । मेमो-यु-४, सेन्स-वाई, न्युरेसिया-१७ र न्युरेसिया-२० जस्ता यन्त्रको जानकारी दिने र तिनले सम्पादन गर्ने कार्यको जानकारी गराएर प्रयोगमा संलग्न अनुसन्धानकर्ताले आफ्नो अनुसन्धान प्रक्रिया सार्वजनिक गरेका छन् । यी यन्त्रसम्बद्ध नामहरूले विज्ञान र प्रविधिको प्रतिनिधित्व गर्छन् । विज्ञानप्रयोगशालामा गरिएको अनुसन्धानका सबै पक्षको जानकारी सार्वजनिक गर्नु अनुसन्धानको पारदर्शिता मात्रै नभएर असल अनुसन्धानको पाटो पनि हो । यो साक्ष्यले कथा वैज्ञानिक अनुसन्धानको विषयमा लेखिएको छ भन्ने प्रस्ट पारेर साहित्यलाई विज्ञानप्रविधिका दृष्टिकोणबाट अन्तर्विषयक पठनयोग्य बनाएको छ ।

अनुसन्धान र प्रयोगमा सीमित व्यक्तिको मात्रै योगदान हुँदैन । मुख्य रूपमा कसैले अनुसन्धानको नेतृत्व गर्ने गरेको भए पनि सफल अनुसन्धान र प्रयोगका पछाडि अन्य व्यक्तिको पनि संलग्नता रहेको हुन्छ । "यस कोठाको उत्तरपूर्वी कुनामा एउटा ठुला र एउटा सानो यन्त्र छ । यी यन्त्रको पनि प्रयोगशालामा यन्त्र र मान्छेको शरीरमा जोडिएको तारसँग कनेक्सन छ । त्यहाँ पनि एकजना अधबैँसे पुरुष र अधबैँसे स्त्री त्यसरी नै काम गरिरहेका छन्" (पृ. १४१) । मान्छेका अवचेतन मनमा हुने भावतरङ्ग र स्वप्नको अध्ययन गर्न गरिएको प्रयोगमा एक जोडी युवायुवतीको मात्रै संलग्नता छैन, त्यसमा अन्य व्यक्तिको पनि सहयोग, परिश्रम र अध्ययन जोडिएको देखाउन यो सन्दर्भको उपयोग गरिएको छ । प्रस्तुत सन्दर्भले कुनै एक व्यक्तिमा मात्रै गरिएको प्रयोगलाई विश्वसनीय बनाउन नसकिने भएकाले त्यस किसिमको प्रयोग अन्य व्यक्तिमा समेत गरी अनुसन्धानलाई विश्वसनीय र वस्तुनिष्ठ बनाइनुपर्ने वैज्ञानिक मान्यता उठान गरेको छ । एक व्यक्तिमा गरिएको प्रयोग र अर्को व्यक्तिमा गरिएको प्रयोगको नतिजा समान भयो भने मात्रै अनुसन्धानले वैधता र विश्वसनीयता पाउने भएकाले अनुसन्धानकर्ताहरू एकै किसिमको अनुसन्धान र प्रयोग विभिन्न व्यक्तिमा गर्दछन् ।

विज्ञानप्रविधिको सहयोगमा गरिने वैज्ञानिक अनुसन्धानले मान्छेको मन, संवेदना र स्वप्नको अध्ययन गर्न सक्षम हुने आशा व्यक्ति गरिएको छ । "अत्याधुनिक यन्त्रहरू आफ्नै गतिमा काम गरिरहेका थिए लयबद्ध रूपमा । अत्याधुनिक प्रिन्टर निक्कै तीव्र गतिमा प्रिन्ट गरिहेको थियो अवचेतन र स्वप्नलाई । अर्थात् मानवीय मस्तिष्क र संवेदना छापिरहेको थियो" (पृ. १४२) ।

मान्छेको अवचेतन भावतरङ्ग र स्वप्न छापिएको सन्दर्भमार्फत विज्ञानप्रविधिले मानवजीवनमा नवीनता थप्दै जाने, अहिले असम्भव ठानिएका विषयमा पनि पहुँच बन्ने तथ्य सार्वजनिक गरिएको छ। मानवीय मस्तिष्क र संवेदना छापेको देखाएर कथामा वर्णित वैज्ञानिक अनुसन्धान सफल भएको प्रमाण दिइएको छ। अनुसन्धान र प्रयोगपछि वैज्ञानिकहरू मान्छेका अवचेतन र अर्धचेतन अवस्थालाई पढ्न सक्ने बनाइएको छ। मान्छेको मन पढ्न वा छाप्न सामान्य उपकरणले साध्य नहुने र त्यसका लागि अत्याधुनिक उपकरण आवश्यक पर्ने पनि यसले जानकारी दिन्छ।

कथामा विज्ञानप्रविधिका क्षेत्रमा उपयोग हुने उपकरण, यन्त्र र सामग्रीहरूको नामसहित प्रविष्टि छ। अनुसन्धानमा लिप्त वैज्ञानिकहरूको उपस्थिति र उनीहरूले गरेको कार्य तथा नतिजाले कथालाई विज्ञानप्रविधिसम्मत अन्तर्विषयक बनाएको छ। वैज्ञानिक प्रयोग र अनुसन्धानमा केन्द्रित भएकाले कथामा विज्ञानप्रविधिपरक विषयसमेत ल्याएर यसमा विज्ञानप्रविधि विषयक अन्तर्विषयकता समाहित गरिएको छ।

स्वप्नहरूले लखेटेको मानिसको भावतरङ्गलाई वैज्ञानिक उपकरणहरूको सहयोगले छाप्ने कथानक नवीन र सिर्जनात्मक छ। उपकरणहरूसित मानवलाई जोडेपछि प्रतिक्रियाहरू देखिने विज्ञानसम्बद्ध मान्यता र उपकरणहरूले काम गर्लान् कि नगर्लान् भन्ने जिज्ञासाले कथालाई रोचक बनाएको छ। सेतो एप्रोन लगाएका दुई पात्रमार्फत प्रयोग र अनुसन्धानमा सक्रिय व्यक्तिहरूको वास्तविक चित्रण गरिएको छ। तार, किबोर्ड, तारको टुप्पो जस्ता पदहरू विज्ञानप्रविधिका क्षेत्रमा प्रयोग हुन्छन् र जिब्राले स्वाद लिने र त्यसको आजाव यन्त्रमा सुनिएबाट कथा वास्तविकतामा टेकोको पुष्टि हुन्छ। दुई पात्रहरू अनुसन्धानमा छन् भने ऊ पात्रलाई अनुसन्धानका लागि पल्टाइएको छ। पात्रहरूको यस्तो सम्बन्ध वैज्ञानिक प्रयोगशालामा मात्रै हुन्छ।

प्रयोगशाला, पात्रहरूले चलाएका कम्प्युटर, तार र अन्य उपकरणहरूले कथालाई विज्ञानप्रविधिपरक बनाएका छन्। 'मस्तिष्कको तारबाट सम्प्रेषणको गति तीव्र भइरहेछ, अरूबाट मन्द' (पृ. १३३)। मान्छेको मस्तिष्क अरूभन्दा सक्रिय हुन्छ। 'त्यस कोठाभन्दा उताको सभाकक्ष जस्तो ठूलो कोठामा साठीसत्तरी जनाजति वैज्ञानिक र विज्ञानका प्रोफेसरहरू छन्' (पृ. १३४)। अनुसन्धानमा वैज्ञानिक र प्रोफेसरहरूको चाँसो हुन्छ। अनुसन्धानकर्ताले उनीहरूसमक्ष आफ्नो प्रयोग सिद्ध गर्नुपर्छ। 'ऊ त्यो खाटमा सुताइएको मान्छे नै हाम्रो प्रयोगको केन्द्र हो' (पृ. १३६)। मानिसको मन र संवेदनाको अनुसन्धान मानिसकै प्रयोग गरेर गर्नुपर्छ। तथा 'आज मानवीय संवेदनामाथि, मान्छेका अवचेतनमाथि अनि उसका स्वप्नसंवेदनामाथि कम्प्युटरले अथवा भनौं यन्त्रले विजय प्राप्त गरेको दिन हो' (पृ. १३८)। जस्ता सन्दर्भहरूले विज्ञानको रचनात्मक प्रयोग र वैज्ञानिक अनुसन्धानले सफलता पाएको तथ्य सार्वजनिक गरेको छ। पछिल्लो सन्दर्भले वैज्ञानिकहरू प्रविधिको प्रयोग गरेर एक दिन मानवीय संवेदनाहरूको अध्ययन गर्न सक्षम बन्ने छन् भन्ने कथाको सन्देशसमेत प्रस्ट पारेको छ। यसरी कथाको विषयवस्तु, पात्रहरू, कथामा प्रयोग भएका पदपदावली, पात्रका कार्यहरू, वैज्ञानिक र विज्ञानका प्रोफेसरहरूको उपस्थिति, आफ्नै गतिमा काम गरिरहेका उपकरणहरू र नतिजाले कथालाई प्रयोगशालाको कथा बनाएर विज्ञानप्रविधिको उपस्थिति गराएका छन्।

**निष्कर्ष**

लक्ष्मणप्रसाद गौतमको *संवेदनाको सफ्टकपी* अन्तर्विषयक पठन गर्न सकिने कथा हो । कथामा विज्ञानप्रविधि अन्तर्विषय भएर उपस्थित छ । मान्छेका अवचेतन र अर्धचेतन मनका भावतरङ्ग र स्वप्नहरूको अध्ययन गर्न विज्ञानप्रविधिको प्रयोग गरिएको छ । यसका लागि स्वप्न दुःस्वप्नहरूबाट लखेटिएको मान्छेमा विज्ञानप्रयोशालामा वैज्ञानिक उपकरण र प्रविधिको प्रयोग गरी परीक्षण गरिएको छ । मनको अध्ययनलाई मूर्तता दिनु चुनौतीपूर्ण भए पनि वैज्ञानिक प्रयोग र अनुसन्धानले मनको अध्ययन हुन नसक्ने परम्परागत मान्यतालाई विनिर्माण गर्न अहिलेको पुस्ता सक्षम हुने तर्क कथामा प्रस्तुत गरिएको छ । प्रयोगशाला, उकरण, यन्त्र, प्रयोग गर्न राखिएको मान्छे, प्रयोग कार्यमा संलग्न व्यक्तिहरू, प्रयोगका बारेमा जिज्ञासा राख्ने वैज्ञानिक र विज्ञान विषयका प्राध्यापकहरूको उपस्थितिले कथालाई विज्ञानप्रविधि विषयसम्बद्ध बनाएको छ । अनुसन्धानमा संलग्न वैज्ञानिक, उपकरण, मान्छेसँग जोडिएका तार, क्यामेरा, ध्वनियन्त्र, कम्प्युटर, उपकरणहरूले दिने प्रतिक्रिया, वैज्ञानिक अनुसन्धानलाई सार्वजनिक गर्न गरिएको प्रयासले विज्ञानप्रविधिको प्रतिनिधित्व गर्छन् । अनुसन्धानलाई वैधता विश्वसनीयता प्रदान गर्न गरिएको अर्को परीक्षण, उकपरण र यन्त्रहरूको कार्यसम्पादन देखाउने घटनाक्रमले पूर्ण रूपमा विज्ञानकथाको कित्तामा उभ्याएको छ । कथाको विषयवस्तु, कथानक, पात्र, घटना, परिवेश र कथामा प्रयोग गरिएका पद, पदावलीले कथालाई विज्ञापनप्रविधिपरक पठनयोग्य बनाएका छन् । मान्छेको मस्तिष्क बढी क्रियाशील हुने तथ्य दिँदै त्यस्तै किसिमको मान्छेको मस्तिष्कको वैज्ञानिक उपकरणबाट गरिएको प्रयोगले उसको मस्तिष्कको भावतरङ्ग र स्वप्नहरूको अध्ययन वैज्ञानिक प्रयोग हो । मान्छेको मस्तिष्क र ज्ञानेन्द्रियहरूको सम्पर्क विज्ञानप्रविधिसम्बद्ध उपकरण र यन्त्रहरूसँग स्थापित गरी मान्छेको अवचेतन र अर्धचेतन मनका भावतरङ्ग र स्वप्नहरूलाई प्रिन्ट गर्न सक्षम भएको विज्ञानप्रविधिसम्बद्ध हो । विषयवस्तु, कथानक, पात्र, परिवेश र प्रयोग भएका पद, पदावली, वाक्यहरूले कथालाई विज्ञानप्रविधिपरक बनाएका छन् ।

**सन्दर्भ सामग्रीसूची**


एटम, नेत्र (२०७०). *अन्तर्विषयक नेपाली समालोचना.* एकता बुक्स ।

गौतम, कृष्ण (२०५०). *आधुनिक आलोचना : अनेक रूप अनेक पठन.* साझा प्रकाशन ।

गौतम, दीपकप्रसाद (सन् २०२२). ऊहापोह कथासङ्ग्रहका कथामा साइबरचेतना. *जर्नल अफ भुवनिशंकर. वर्ष-१.* अङ्क-१. पृ. ११७-१२७ ।

गौतम, लक्ष्मणप्रसाद (२०७०). *नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना.* ओरिएन्टल पब्लिकेसन ।

.... (२०७०). विश्वेश्वरप्रसाद कोइरालाका कथाको अन्तर्विषयक पठन. *आख्यानकार विश्वेश्वरप्रसाद कोइराला : पुनर्पाठ.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

.... (२०७१). अन्तर्विषयकता, अन्तर्विषयक पठन र अन्तःपठनीयता. *कलाश्री साहित्य वार्षिक.* नेपाली कलासाहित्य डटकम. वर्ष-३. अङ्क-३. पृ. २८१-२९१ ।

.... (२०७२). समकालीन नेपाली कविताको अन्तर्विषयक पठन. *प्रज्ञा समकालीन नेपाली कविता विमर्श.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

.... (२०७४). *ऊहापोह.* साङ्ग्रिला पब्लिकेसन ।

रेग्मी, अनुपमा (२०७६). समकालीन नेपाली कथाको अन्तर्विषयक पठन. *प्रज्ञा समकालीन नेपाली कथा विमर्श.* नेपाल प्रज्ञाप्रतिष्ठान ।